# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।११।२३ गते।

## प्रेस विज्ञप्ति

### विषयः <u>आरोपपत्र दायर गरिएको ।</u>

सशस्त्र प्रहरी बल बि.ओ.पी. टांघनडुब्बा, झापामा कार्यरत सशस्त्र प्रहरी निरीक्षक खगेन्द्र चापागाईले व्यापार व्यवसायमा सहजीकरण गरिदिने प्रयोजनको लागि घुस/रिसवत माग गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा बोर्डर आउट पोष्ट टांघनडुब्बाका सशस्त्र प्रहरी निरीक्षक खगेन्द्र चापागाईले सेवाग्राहीको व्यापार व्यवसाय गर्न सहज गरिदिने भनी पटक-पटक दुःख हैरानी दिई घुस/रिसवत माग गरी रु. ५०,०००।– (पचास हजार) लिन राजी भई घुस/रिसवत लिने उद्योग गरेको तथ्य पुष्टि हुन आएको देखिंदा निज खगेन्द्र प्रसाद चापागाईले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसारको कसुरको उद्योग गर्ने कसुर भएकोले घुस/रिसवत लिन उद्योग गरेको बिगो रु. ५०,०००।– कायम गरी निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २१ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम हुने सजायको आधा सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरीएको छ ।

प्रवक्ता<br>
प्रदीपकुमार कोइराला